अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८, संख्याः १, गोरखा, भदौ १९ गते २०८१, अतिरिक्तांक : १

## भाग- २

## अजिरकोट गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकाको कृषि तथा पशुपन्छी अन्तर्गत कृषि सामग्रीमा अनुदान कार्यविधि-२०८१ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# कृषि तथा पशुपन्छी अन्तर्गत कृषि सामग्रीमा अनुदान कार्यक्रम संचालन कार्यविधि-२०८१

# अजिरकोट गाउँपालिका

## कृषि तथा पशुपन्छी अन्तर्गत कृषि सामग्रीमा अनुदान कार्यक्रम संचालन कार्यविधि-२०८१

## अजिरकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## भच्चेक, गोरखा
## गण्डकी प्रदेश, नेपाल
## २०८१

प्रस्तावनाः गाउँपालिका भित्र कृषि, पशुपालन र मत्स्य पालन गरिरहेका कृषकहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायीकरण र आधुनिकीकरणका लागि प्रोत्साहन गर्न गाउँपालिकाबाट स्वीकृत कृषि/पशु विकास क्षेत्रको वार्षिक कार्यक्रम व्यवस्थित, सरल र पद्दतिमुलक रूपले संचालन गर्न वाञ्छनीय भएकोले अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले यो कार्यविधि तयार गरेको छ ।

# परिच्छेद १

# प्रारम्भिक

**१. सन्क्षिप्त नाम र प्रारम्भः**

१.१ यो कार्यविधिको नाम "कृषि तथा पशुपन्छी अन्तर्गत कृषि सामग्रीमा अनुदान कार्यक्रम संचालन कार्यविधि-२०८१" रहेको छ ।

१.२ यो कार्यविधि अजिरकोट गाउँपालिका, गाउँपालिकाको कार्यालयले पारित गरेको मिति देखि लागु हुनेछ।

१.३ यो कार्यविधि अजिरकोट गाउँपालिका भर लागु हुनेछ।

# परिच्छेद-२

# परिभाषा

**२. परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१) "गाउँपालिका" भन्नाले अजिरकोट गाउँपालिकालाई सम्झनु पर्दछ ।

२) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अजिरकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

३) "शाखा प्रमुख" भन्नाले अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका सम्बन्धित शाखाको प्रमुखलाई सम्झनु पर्दछ ।

४) "गाउँ कार्यपालिका" भन्नाले अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ|

५) "कृषि सामग्री" भन्नाले कृषि तथा पशुपंक्षी व्यवसायसंग सम्बन्धित बिउ, बेर्ना, कृषि औजार, कृषि यन्त्र, बिषादी, मल , आदि सम्झनु पर्दछ|

६) " अनुदान ग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषि उद्दमी, कृषक समूह र कृषि सहकारी पर्दछन् ।

# परिच्छेद-३

# उद्देश्यहरु

**३. उद्देश्यहरु :**

१) कृषि तथा पशुपन्छीजन्य वस्तुको व्यावसायिक उत्पादन र गुणस्तरमा बृद्दी गरि कृषक परिवारलाई स्वरोजगार एवं व्यावसायिक रुपमा आत्मनिर्भर बनाउने ।

२) कृषि तथा पशुपन्छी क्षेत्रमा लगानी बढाई व्यावसायिकता र उद्दमशिलताको प्रबर्धन गर्ने ।

# परिच्छेद-४

# कार्यक्रम संचालन प्रक्रिया

**४. संचालन गरिने कार्यक्रममा अधिकतम अनुदान रकम :**

१) फलफूलको बिरुवा : ८५%

२) आधारभूत बालि (धान, मकै, गहु, कोदो, फापर, जौ) : ५०%

३) आलुको बिउ : ७५%

४) च्याउको बिउ : ७५%

५) मसला बालि तथा अन्य बिविध बिरुवा : ७५%

६) कृषि यन्त्र : ५०%

७) तरकारी तथा अन्य बिउ : ७५%

८) प्रांगारिक मल : ७५%

९) अन्य कृषि संग सम्बन्धित सामग्री : ७५%

१०) कुखुरा / माछाको भुरा वितरण : ७५%

११) बाख्रा वितरण : ५०%

**५. आवेदन माग गर्न सक्ने :**

१) अनुदान कार्यक्रम संचालन गर्नका लागि गाउँपालिकाले कम्तिमा ७ दिनको सार्वजनिक सूचना प्रकाशित

गरि आबेदन माग गर्न सक्नेछ ।

२) उपदफा १ बमोजिमको सूचना अनुसार आबेदन पेश गर्दा कृषक/दर्तावाल फर्म/सहकारी/कृषक

समुहहरुले अनुसूची १ बमोजिमको निबेदनका साथ देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्दछ ।

क) फर्म वा संस्थाले प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि एक प्रति ।

ख) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि एक प्रति (PAN नं भए) ।

ग) सम्बन्धित वडा कार्यालयले कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा बिगतमा सहयोग

उपलब्ध भएको भए के कति अनुदान भएको हो सोको व्यहोरा खुलाई थप अनुदान सहयोग दिन

उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।

घ) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकको अनुदान माग गर्नको लागि गरेको निर्णय प्रतिलिपि ।

ङ) आवेदकले आफुले संचालन गर्ने व्यवसायको परियोजना प्रस्ताव ।

च) फर्म वा व्यवसाय संचालनमा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तिमा ५ बर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि ।

छ) कार्यक्रम संचालन हुने आर्थिक बर्षको सम्पति कर तथा भुमिकर तिरेको रसिदको प्रतिलिपि ।

ज) वडा कार्यालयको कृषक बर्गिकरण फारमको प्रतिलिपि (यदि कृषक बर्गिकरण गरिएको भए) ।

झ) आफुले संचालन गर्ने परियोजना सम्बन्धि प्रस्ताब (यदि आबश्यक परेमा अनुसूची २ अनुसार) ।

३) कृषि तथा पशुपन्छी फर्म, माछा फर्म, कृषक समूह, कृषि सहकारी, दुग्ध सहकारी लगायत कृषि, पशु

तथा मत्स्यपालक कृषकले तोकिएको समयमा आवेदन दिन सक्नेछन् ।

**६. आवेदन संकलन** : दफा ४ बमोजिम आवेदनहरु गाउँपालिकामा दर्ता गराउनु पर्नेछ ।

# परिच्छेद-५

# छनौट प्रक्रिया

**७. वडा सिफारिस तथा छनौट प्रक्रिया :**

१) रित पुर्वक पेश हुन आएका आवेदकहरु वडाले सिफारिस गर्नेछ ।

२) वडा सिफारिसको आधारमा सम्बन्धित शाखाले अनुगमन गर्नेछ र छनौट समितिले प्राथमिकीकरण गर्नेछ ।

२) **छनौट समितिः** छनौट समिति देहाय बमोजिमको हुनेछ :

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| ख) आर्थिक विकास संयोजक | - सदस्य |
| ग) कृषि शाखा प्रमुख | - सदस्य / सदस्य सचिब |
| घ) पशु सेवा शाखा प्रमुख | - सदस्य / सदस्य सचिब |
| ङ) उद्यम विकास सहजकर्ता | - सदस्य |

३) छनौट भएका आवेदनहरू स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पशु सेवा शाखा/कृषि
शाखाले पेश पर्नेछ ।

४) स्वीकृत भएका अनुदानग्राहीहरुलाईसंग सम्झौता गरि कार्यक्रम कार्यन्वयन गरिनेछ ।

५) कृषि सामग्री खरिद गरि वितरण गर्नुपर्ने कार्यक्रमको हकमा छनौट भएका कृषकलाई मात्र सामग्री वितरण गरिनेछ ।

**८. छनौटका आधारहरु :**

क) विपन्न,दलित,जनाजाति,सिमान्तकृत, महिला लगायतलाई बिशेष प्राथमिकता दिईनेछ ।

ख) रित पुर्बक आएका निबेदन, वडा सिफारिस र प्राबिधिक अनुगमनको आधारमा छनौट

# परिच्छेद-६

# भुक्तानी प्रक्रिया

**९. वितरण :** कृषि सामग्री खरिद गरि वितरण गर्नुपर्ने कार्यक्रमको हकमा छनौट भएका कृषकलाई मात्र सामग्री वितरण अजिरकोट गाउँपालिका कृषि विकास शाखाले गर्नेछ।

**१०. भुक्तानी प्रक्रिया :**

१) कार्यक्रम संचालनको लागि स्वीकृत भए बमोजिम अनुदान रकम/सामाग्री प्रदान गरिनेछ । अनुदान बाहेकको थप श्रोत आवेदक आफैले व्यवस्थापन गरि कार्यक्रम संचालन गर्नुपर्नेछ ।

२) उपदफा १ बमोजिम अनुदान रकम प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

क) वडा कार्यालयको आन्तिम भुक्तानीका लागि सिफारिसको सक्कल प्रति

ख) वडा स्थारिय अनुगमन प्रतिबेदनको सक्कल प्रति

ग) आवश्यक बिल भरपाई

घ) अनुदान कार्यक्रम संचालन भएको स्थान को फोटो ३ प्रति

ङ) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले कार्यसम्पन्न भएको निर्णयको प्रतिलिपि

च) भुक्तानीको लागि निबेदन

**११. अनुगमनः**

१) संचालित कार्यक्रमको गाउँपालिका, वडा कार्यालय तथा कृषि विकास शाखा/पशु सेवा शाखाले

अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ ।

**१२. भुक्तानी दिन बाध्य नहुने :**

१) सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन ।

२) सम्झौता गरेको आर्थिक बर्ष भित्रमा कार्यसम्पन्न गरि भुक्तानी लिन नआएमा भुक्तानी गरिने छैन ।

# परिच्छेद-७

# बिबिध

१३. **बाधा अड्काउ फुकाउ :** यस कार्यविधि कार्यन्वयनको सम्बन्धमा कुनै दुबिधा भएमा छनौट समितिले

बाधा अड्काउ फुकाउन सक्नेछ ।

१४. **प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र

नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१५. **संशोधन** : यो कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न

सक्नेछ ।

# अनुसुचि-१

## अनुदान कार्यक्रम माग गर्न पेश गर्ने निवेदन

## (कृषक/दर्तावाला फर्म/सहकारी/कृषक समूहको लागि)

मितिः........................................

श्री कृषि विकास/पशु सेवा शाखा प्रमुख ज्यु,
अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
भच्चेक, गोरखा

**विषय : कार्यक्रम अनुदान सम्बन्धमा**

प्रस्तुत विषयमा अजिरकोट गाउँपालिका, कृषि विकास शाखा/पशु सेवा शाखाबाट मिति ..............................मा प्रकाशित सुचना अनुसार ................................ शिर्षकको अनुदान कार्यक्रम संचालन गर्न तपशिलका कागजातहरु संलग्न गरी आवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

संलग्न कागजातहरुः

क) फर्म/संस्थाले प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि एक प्रति ।

ख) सम्बन्धित वडा कार्यालयको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा विगतमा सहयोग उपलब्ध भएको भए सोको व्यहोरा खुलाई थपअनुदान सहयोग दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।

ग) समुह वा संस्थाको हकमा कार्यसमितिको बैठकको अनुदान माग गर्नको लागि गरेको निर्णय प्रतिलिपी

घ) आवेदकले आफुले संचालन गर्ने व्यवसायको परियोजना प्रस्ताव ।

ङ) फर्म वा व्यवसाय संचालनमा रहेको जग्गा धनि प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए

प्रचलित नियम बमोजिम कम्तिमा ५ वर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि ।

च) कार्यक्रम संचालन हुने आर्थिक बर्सको सम्पति कर तथा भूमिकर तिरेको रसिदको प्रतिलिपि ।

छ) सम्बन्धित विषयमा तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि ।

ज) आफुले संचालन गर्ने परियोजना सम्बन्धि प्रस्ताब

**निवेदकको**

दस्तखत :

नाम,थर :

ठेगाना:

सम्पर्क नम्बर:

# अनुसुचि-२

## प्रस्ताव-पत्र

१.आवेदक र सम्पर्क व्यक्ति सम्बन्धि विवरण :

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| आवेदक संस्थाको किसिम (कुनै एकमा चिन्ह लगाउने) | १. कृषक समूह<br>२. सहकारी<br>३. दर्तावाल फर्म<br>४. कृषक |
| प्रोपाइटर वा अध्यक्षको नाम | |
| संस्था दर्ता भएको मिति | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रस्तावित कार्यक्रमको कुल खर्च ( अनुदान र अनुदान ग्राहिको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भैरहेको भए भएको, खुलाउनुहोस | |
| अजिरकोट गाउँपालिका वा अन्य कुनै निकायबाट अनुदान प्राप्त गरेको भए सो को विवरण | |

२. हालको व्यावसायिक विवरण :

| क,स, | व्यवसाय | क्षेत्रफ़ल वा संख्या | उत्पादन परिमाण | उत्पादन मूल्य | प्रविधि प्रयोग | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

३.क्रियाकलापको विवरण

| क.स. | कार्यक्रम | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले

नवराज अवस्थी

प्रमुख प्रशासकीय अधिकृत